# नेपाल राजपत्र

## भाग ३

श्री ५ को सरकारद्वारा प्रकाशित

काठमाडौं, वैशाख १९ गते २०२९ साल

### श्री ५ को सरकार
### कानून तथा न्याय मन्त्रालयको
### सूचना

जग्गा प्राप्ति ऐन २०१८ को दफा ७ को उपदफा (१) ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले गण्डकी अञ्चल अदालत तथा कास्की जिल्ला अदालत भवन र क्वार्टर निर्माणका लागि गण्डकी अञ्चल, कास्की जिल्ला, पोखरा नगर पञ्चायत वार्ड नं. ६ मा पर्ने निम्नलिखित जग्गा प्राप्त गर्ने निर्णय गरेकोले सम्बन्धित जग्गाधनीले जग्गाको मोल र अरु नोक्सानी बापत यस ऐन र जग्गा प्राप्ति नियमहरू २०२६ बमोजिम क्षतिपूर्ति पाउने हुँदा यो सूचना प्रकाशित गरिएको छ ।

पूर्व फिर्केखोला, पश्चिम बान्नो, उत्तर फिर्केखोला र खोल्सा, दक्षिण मूलबाटो यति चारकिल्लाभित्रको तिरो रु. १।७८ लागेको जग्गा रोपनी १५।।२ (पन्द्ररोपनी दशआना) को कित्ता - - - - - - - - - १

आज्ञाले–
चूडामणिराज सिंह मल्ल
श्री ५ को सरकारको सचिव



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागू हुनेछ।